# Ganapati Laghubitta Bittiya Sanstha Limited

*("D" Class Financial Institution Licensed by Nepal Rastra Bank)*

Ward No.4, Suklagandaki Municipality, Dulegauda, Tanahun
Phone No: 065-414247,414297, Email: info@ganapatimicro.com.np


## Unaudited Financial Results (Quarterly)

**As on Ashad End 2079 of the F.Y. 2078/79 (2021/22)**

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending (Ashad End 2079) | Previous Quarter Ending (Chitra End 2078) | Corresponding Previous Year Quarter Ending (Ashad End 2078) |
|---|---|---|---|---|
| **1.0** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2,289,365.67** | **2,284,028.68** | **1,667,139.68** |
| 1.1 | Paid-up Capital | 151,554.53 | 151,554.53 | 127,356.75 |
| 1.2 | Reserves and Surplus | 47,833.52 | 42,442.84 | 55,396.51 |
| 1.3 | Debenture and Bond | - | – | - |
| 1.4 | Borrowings | 1,459,245.56 | 1,482,729.40 | 1,024,786.66 |
| **1.5** | **Deposits (a+b)** | **573,242.85** | **553,120.85** | **419,742.29** |
| | a. Domestic Currency | 573,242.85 | 553,120.85 | 419,742.29 |
| | b. Foreign Currency | - | – | - |
| 1.6 | Income Tax Liabilities | 7,978.36 | 5,636.37 | |
| 1.7 | Other Liabilities | 49,510.85 | 48,544.69 | 39,857.47 |
| **2.0** | **Total Assets (2.1 to 2.7)** | **2,289,365.67** | **2,284,028.68** | **1,667,139.67** |
| 2.1 | Cash & Bank Balance | 11,332.51 | 13,443.02 | 9,207.96 |
| 2.2 | Money at call and short Notice | 52,061.11 | 42,613.48 | 96,547.53 |
| 2.3 | Investments | | | |
| **2.4** | **Loans & Advances (a+b+c+d+e+f)** | **2,190,082.67** | **2,192,703.51** | **1,543,731.17** |
| | a. Real Estate Loan | | | |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | | | |
| | b. Personal Home Loan of Rs. 10 million or less | | | |
| | c. Margin Type Loan | | | |
| | d. Term Loan | | | |
| | e. Overdraft Loan / TR Loan / WC Loan | | | |
| | f. Others | 2,190,082.67 | 2,192,703.51 | 1,543,731.17 |
| 2.5 | Fixed Assets | 7,805.46 | 8,223.77 | 7,228.73 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 28,083.92 | 27,044.91 | 10,424.28 |

| 3.0 | Profit and Loss Account | Upto This Quarter | Upto Previous Quarter | Upto Corresponding Previous Year Quarter |
|---|---|---|---|---|
| 3.1 | Interest income | 291,722.82 | 206,263.80 | 227,208.90 |
| 3.2 | Interest Expense | 171,371.90 | 114,037.20 | 94,701.84 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **120,350.92** | **92,226.60** | **132,507.05** |
| 3.3 | Fees Commission and Discount | 47,765.08 | 36,074.84 | 34,659.21 |
| 3.4 | Other Operating Income | - | - | |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **168,116.00** | **128,301.44** | **167,166.26** |
| 3.6 | Staff Expenses | 78,147.27 | 56,291.95 | 62,829.94 |
| 3.7 | Other Operating Expenses | 34,905.10 | 23,849.20 | 23,931.76 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **55,063.63** | **48,160.28** | **80,404.57** |
| 3.8 | Provision for Possible Loss | 41,104.45 | 41,320.67 | 33,447.91 |
| **D** | **Operating profit (C-3.8)** | **13,959.18** | **6,839.62** | **46,956.65** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 416.79 | 265.99 | 370.95 |
| 3.10 | Write Back of Provision for Possible Loss | 15,173.51 | 13,769.85 | 17,972.22 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **29,549.48** | **20,875.45** | **65,299.82** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **29,549.48** | **20,875.45** | **65,299.82** |
| 3.12 | Provision For Staff Bonus | 2,954.95 | 2,087.55 | 6,529.98 |
| 3.13 | Provision For Tax | 7,978.36 | 5,636.37 | 17,630.95 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **18,616.17** | **13,151.53** | **41,138.89** |

| 4.0 | Ratios | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 4.1 | Capital Fund to RWA | 9.73% | 9.44% | 12.24% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 1.64% | 2.03% | 2.35% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 193.76% | 159.61% | 118.15% |
| 4.4 | Cost of Funds | 11.47% | 10.99% | 6.80% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 382.05% | 396.42% | 367.78% |

**Note:** 1. Ganapati Laghubitta Bittiya Sanstha's accounts of Ashad End 2079 have been certified by the Company's Internal Auditor, which could be changed if the statutory auditor / supervisory authority notify and remarks to change the unaudited financial statements.
2. Interest rate on Loan & Advance and Deposits : Int. Rate on Loan : 14.5% to 15%, Deposits: 2% to 8.55%

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को

**अनुसूचि १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

# आ.व. २०७८/७९ को चौथो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण** : यस वित्तीय संस्थाको चौथो त्रैमासिक नाफा नोक्सान तथा २०७९ साल आषाढ मसान्त सम्मको वासलात सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु :**

| प्रतिशेयर आम्दानी अनुपात (वार्षिक) | मूल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १२.२८ | ७७.५७ | १३१.५६ | १,५१०.२९ | ३.१२ |

२. **व्यवस्थापकीय विश्लेषण :**

(क) **मौज्दात, आम्दानी र तरलतामा भएको परिवर्तन सम्बन्धी विवरण** : त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको, मौज्दात र तरलतामा वित्तीय संस्थाले अनुमान गरे अनुसारको स्थिरता कायम रहेको छ । कोभिड १९ भाइरसका कारण उत्पन्न भएको विषम परिस्थितिका कारण जोखिम बढेको तथा कर्जा सापटको ब्याजदरमा भएको बृद्धिले गर्दा आम्दानीमा वित्तीय संस्थाले अनुमान गरे अनुरुप प्रगतीमा कमी भएता पनि समग्र वित्तीय सूचकहरुमा संतोष गर्न सकिने अवस्था रहेको छ ।

(ख) **आगामी अवधिको कार्य योजना सम्बन्धी विश्लेषणत्मक विवरण** : राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले स्वभाविक बृद्धि (Natural Growth) लाई आफ्नो प्रमुख लक्ष्यको रुपमा अगाडि सारेको छ । फलस्वरुप हालसम्म ४३ वटा शाखा कार्यालय मार्फत ग्राहक सदस्यहरुलाई आधुनिक तथा गुणस्तरिय वित्तीय सेवा प्रदान गर्दै आएको छ । साथै वित्तीय बजारमा कोभिड १९ भाइरसका कारण उत्पन्न भएको विषम स्थिति एवं अन्य चुनौतिहरुको सामना गर्दै नकारात्मक प्रभावलाई न्यूनिकरण गर्दै जान हरसम्भव प्रयासहरु गर्दै लगिने छ ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा उल्लेख्य असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विवरण** : विगतको अनुभवबाट यस वित्तीय संस्थाले विकास गरेका सेवामुखी सुविधा तथा ग्राहक सदस्यहरुले वित्तीय संस्था प्रति देखाएको उत्साहले हाल सम्म यस वित्तीय संस्थालाई आफ्नो सेवा विस्तार गर्न सफलता प्राप्त भएको छ । जसको कारण यस वित्तीय संस्थाको आम्दानी संतोषजनक रहेको छ । हाल कोभिड १९ भाइरसका कारण उत्पन्न भएको विषम परिस्थिति तथा त्यसले निम्त्याएको अवस्थाले लघुवित्त क्षेत्रमा उल्लेख्य असर गर्ने र अन्य चुनौतीहरु जस्तै अस्वस्थ प्रतिस्पर्धा, दोहोरोपन, कर्जा सापटको ब्याजदरमा भएको बृद्धि आदि कारणले समेत वित्तीय संस्थालाई प्रभाव पार्न सक्ने भएता पनि वित्तीय संस्थाले विकास गरेको आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय संस्था संग रहेको मौज्दात तथा कुशल व्यवस्थापनको कारण सम्पूर्ण परिसुचकहरुमा ठुलो नकारात्मक असर नपर्ने देखिन्छ । यसको साथै भविस्यमा पनि यस्तो नकारात्मक असर पर्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियम, कार्यविधिहरुको तर्जुमा गरी अगाडी बढ्ने नीति यस वित्तीय संस्थाले लिएको छ ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**

(क) त्रैमासिक अवधिमा यस वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) यस वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालक विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) सेयर कारोवार धितोपत्र बजारबाट निर्देशित हुने हुँदा व्यवसायको बृद्धि संगै कारोवार मूल्य सकारात्मकता तर्फ उन्मुख हुनु स्वभाविक हो । विभिद कारणहरुको असर स्वरुप मूल्यमा उतार चढाव आएता पनि हालसम्मको कारोवार सन्तोषजनक रहेको छ ।

(ख) नेपाल स्टक एक्सचेन्जको वेभसाइटअनुसार वार्षिक अवधिमा यस संस्थाको सेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| १,२०० | ८६४.४० | ९५२.६० | ५५ | ८०७ |

५. **समस्या तथा चूनौती** : कोभिड १९ भाइरसका कारण उत्पन्न भएको विषम परिस्थिति, कर्जा सापटको ब्याजदरमा भएको बृद्धि, सदस्य दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा, दक्ष कर्मचारीको अभाव, बढ्दो संस्था छोड्ने प्रवृत्ती, प्रविधिमैत्री पूर्वाधारको अभाव तथा ब्याजदरमा फेरबदल लगायतका जोखिमहरु चूनौतिका रुपमा देखिएका छन् ।

६. **संस्थागत सुशासन** : यस वित्तीय संस्थाले विद्यमान ऐन कानून तथा नीति नियम र नियमनकारी निकायहरुबाट प्राप्त निर्देशनहरु मुताविक आफ्नो व्यवसाय संचालन गर्दै आएको छ । साथै वित्तीय संस्थाका शेयरधनीहरु प्रति वित्तीय संस्थाको संचालक समिति पूर्ण रुपमा जवाफदेही र उत्तरदायी रहेको छ । नेपाल राष्ट्र बैंकको नीति नियम अनुसार संस्था संचालनमा रही आन्तरिक प्रणालीलाई व्यवस्थित गर्न त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई लेखापरीक्षकले दिएको सुझाव वमोजिम कार्यान्वयन गर्दै आएको छ । कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था, सदस्यहरुलाई अप्ठेरो परेको बेला सहयोग पुर्‍याउने उद्देश्यले स्थापित ग्राहक संरक्षण कोष जस्ता कोषहरुको ब्यवस्था गरेको छ । यस वित्तीय संस्थाको संचालक समितिले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउन विभिन्न उपसमितिहरु गठन गरी कार्य संचालन गर्दै आएको छ । आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय समयमा हुने निरिक्षणवाट प्राप्त सुझावहरुको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ वनाउन संचालक समिति कटिवद्ध रहेअनुसार कारोवारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरी लागु गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण** : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य,तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारी लुकाइएको छैन ।

**'गरिबी निवारणमा तपाईको परिश्रम, हाम्रो साथ'**